बैठक संख्या -४९

आज मिति २०७८।०३।०७ गतेको दिन यस उत्तरगया गाउँपालिका कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री उपेन्द्र लम्सालज्यूको अध्यक्षतामा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका प्रस्ताव उपर छलफल तथा निर्णयहरु सर्वसम्मतीबाट पारित गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री उपेन्द्र लम्साल | अध्यक्ष |
| श्री चमेली गुरुङ | उपाध्यक्ष |
| श्री बम बहादुर तामाङ | वडा अध्यक्ष |
| श्री खुवाबहादुर गुरुङ | वडा अध्यक्ष |
| श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष |
| श्री केशर बहादुर बुलुन | वडा अध्यक्ष |
| श्री इश्वर थापा | वडा अध्यक्ष |
| श्री शान्ता गलान | सदस्य |
| श्री कृष्ण कुमारी नेपाली | सदस्य |
| श्री सिता भट्ट | सदस्य |
| श्री विन्दा रैला | सदस्य |
| श्री ज्ञानु विक | सदस्य |
| श्री तिर्थ बहादुर घले | सदस्य |
| श्री अर्जुन खड्का | सदस्य सचिव |

प्रस्तावहरु

प्रस्ताव नं. १ आपतकालिन बाल उद्धार कोष स्थापना गरी रकम जम्मा गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २ लैङ्गिक हिंसा निवारण कोषको संचालक समितिको पुर्णता दिने सम्बन्धमा ।

प्रस्ताव नं. ३ विपद् व्यवस्थापन कोषबाट खानेपानी पाईप खरिद गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ उत्तरगया गाउँपालिका वडा नं. ४ स्थित घलेगडी कमेरेगडी पर्यटकिय क्षेत्र संरक्षण तथा विकास योजना निमार्ण कार्य सम्पन्न हुन नसक्ने भएकाले सो कार्यको रकम भुक्तानी गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५ आर्थिक वर्ष ०७७।०७८ को यथार्त खर्चको समिक्षा तथा आ.व. ०७८।०७९ को बार्षिक नीति तथा कार्यक्रम साथै आगामी आ.व. ०७८।०७९ को आय व्यय सहितको बार्षिक वजेट तथा कार्यक्रम (विनियोजन विधयेक, २०७७) र आर्थिक विधयेक, २०७७ सम्बन्धमा ।

प्रस्ताव नं. ६ आगलागी पीडीत र हावाहुरी पिडितलाई राहत दिने सम्बन्धमा ।

प्रस्ताव नं ७ सडक स्तरोन्नती गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ विपद् व्यवस्थापन कोषबाट मैलुङ मा खानेपानी पाईप खरिद गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ९ नयावस्ती डाडाँगाउ पहिरो नियन्त्रण सम्बन्धमा ।

प्रस्ताव नं. १० न्यायिक समितिको कार्यसम्पादन प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ११ कार्यविधि सम्बन्धमा ।।

समिक्षा गाउँकार्यपालिकाको ४८ औ बैठकको निर्णयको समिक्षा तथा छलफल सम्बन्धमा :-

गाउँ कार्यपालिकाको ४८ औ बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णयहरु

**निर्णय नं. १ प्रस्ताव नं १ माथि छलफल गर्दा** बालमैत्री स्थानीय तह घोषणा प्रोत्साहन कार्यक्रम (संघीय शशर्त) मा रु.३ लाख रकम विनियोजन भएकोमा, उक्त कार्यक्रममा तत्कालै खर्च हुन नसकेको हुदाँ बालबालिकाको हितको लागि आपतकालिन बाल उद्धार कोष सञ्चालन कार्यविधि, २०७७ बमोजिम आपतकालिन बाल उद्धार कोष स्थापना गर्न हिमालयन बैंक लिमिटेड, बेत्रावती शाखामा आपतकालिन बाल उद्धार कोषको खाता खोली उक्त रकम रु. ३ लाख सोही खातामा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ प्रस्ताव नं २ माथि छलफल गर्दा** लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि,२०७७ बमोजिम लैङ्गिक हिंसा निवारण कोषको संचालक समितिमा तपशिल अनुसार मनोनयन गरी पुर्णता दिने निर्णय गरियो ।

तपशिल

क) २ जना महिला कार्यपालिकाका सदस्यहरु मध्ये कार्यपलिका सदस्य श्री विन्दा रैला र श्री शान्ता गलान

ख) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी तथा सामाजिक संस्थाहरु मध्येबाट श्री विजय तिवारी र मनुकला थापा

**निर्णय नं. ३ प्रस्ताव नं ३ माथि छलफल गर्दा** उत्तरगया गा.पा. वडा नं. ५ खाल्डे स्थित विस्थापित परिवारले प्रयोग गर्दै आएको खानेपानीको पाईप त्रिशुली नदीले बगाएको हुदाँ विपद व्यवस्थापन कोषबाट तत्काले रु.१ लाख सम्मको पाईप सोझै खरिद गरी विस्तापित परिवारलाई पाईप हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ प्रस्ताव नं ४ माथि छलफल गर्दा** उत्तरगया गाउँपालिका वडा नं. ४ स्थित घलेगडी कमेरेगडी पर्यटकिय क्षेत्र संरक्षण तथा विकास योजना निमार्ण गर्नको लागि कार्यालयबाट नियमानुसार सूचना प्रकाशित गरी शिलबन्दी बोलपत्र न. URM/NCB /03/077/78 का e-bid मार्फत खरिद प्रक्रिया शुरु गरी ठेक्का सम्झौता समेत भएकोमा, स्थानीय व्यक्तिहरुबाट उक्त योजनाको निर्माण कार्य सम्पन्न गर्न अवरोध पुऱ्याई सम्झौता बमोजिमका कार्यहरु पुरा हुन नसकी अधुरो कार्यको भुक्तानी गर्नु पर्ने अवस्था सृजना भएको सन्दर्भमा, यस आर्थिक बर्षको म्याद भित्र भुक्तानी दिन सकिने अवधि सम्म भएका कार्यहरुको प्रगतिलाई प्राविधिकले पेश गरेको प्रतिवेदनको आधारमा सम्बन्धित पक्षलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा** आर्थिक वर्ष ०७८।०७९ को बार्षिक नीति तथा कार्यक्रम गाउँसभामा प्रस्तुत गर्ने साथै बजेट तथा कार्यक्रम तर्जुमा समितिका अध्यक्ष/उत्तरगया गाउँकार्यपालिकाका उपाध्यक्ष श्री चमेली गुरुङ्गज्यूको अध्यक्षतामा मिति २०७८ आषाढ ४ गते वसेको बजेट तथा कार्यक्रम तर्जुमा समितिको निर्णय बमोजिम पेश हुन आएको आगामी आर्थिक वर्ष ०७८।०७९ को आय व्यय सहितको बार्षिक वजेट तथा कार्यक्रम (उत्तरगया गाउँपालिको आर्थिक वर्ष ०७८।०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने तथा विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधयेक, २०७८) र स्थानीय राजश्व परामर्श समितिका अध्यक्ष/उत्तरगया गाउँकार्यपालिकाका उपाध्यक्ष श्री चमेली गुरुङ्गज्यूको अध्यक्षता बैठक बसी निर्णयानुसार पेश हुन आएको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधयेक, २०७८ लाई स्वीकृत गरी गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ प्रस्ताव नं ६ माथि छलफल गर्दा** उत्तरगया गाउँपालिका वडा नं २ बस्ने श्री विर वहादुर तामाङको २०७७ साल कात्तिक २५ गते दिउसो आगलागी भई बाखा खोर क्षति भएको, वडा नं. १ बस्ने श्री दिल वहादुर तामाङ र श्री राम तामाङको यस वर्षको आएको हावाहुरीको कारण घर क्षति भएको हुँदा निजहरुलाई विपद् व्यवस्थापन कोषबाट रु. २० हजारका दरले तिनै जनालाई राहत दिने निर्णय गरियो ।

**निर्णय नं. ७ प्रस्ताव नं ७ माथि छलफल गर्दा** बनुवा चौकिटार सडक जिर्ण भएकोले ठाडे खोला देखी चौकीटार हुँदै बनुवा उपल्लो गाउँ सम्म ग्रावेल गरि सडक स्तरोन्नती गर्न विभिन्न योजनाको कन्टेन्जेन्सी रकमबाट रु.१ लाख खर्च गर्ने साथै पैरेवेशी कुवापानी सडक सुधारको लागि इन्धन खर्च वापत रु. २० हजार विपत व्यवस्थापन कोषबाट विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ प्रस्ताव नं ८ माथि छलफल गर्दा** उत्तरगया गा.पा. वडा नं. १ मैलुङको खोनपानी पाइप मैलुङ खोलाले बगाएको हुदाँ विपद व्यवस्थापन कोषबाट तत्काले रु.५० हजार सम्मको पाईप सोझै खरिद गरी पाईप हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ प्रस्ताव नं ९ माथि छलफल गर्दा** गत वर्षको बर्षायामा पहिरोको जोखिममा रहेको डाँडागाउँ नयावस्ती यस वर्ष पनि पहिरोले जोखिममा रहेको हुँदा उक्त पहिरो आकस्मीक नियन्त्रणको लागि विपद् व्यवस्थापन कोषबाट रु. ३ लाख ४० हजार रुपयौ खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० प्रस्ताव नं १० माथि छलफल गर्दा** यस गाउँपालिकाको न्ययिक समितिले आ.ब ०७७।०७८ मा गरेका सम्पुर्ण कामहरुको कार्यप्रगति प्रतिवेदन तपसिल बमोजिम क्षलफल गरि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**तपसिल**
जम्मा उजुरी संख्या = १४
मेलमिलाप भएको = ६
प्रथम पक्ष र दोस्रो पक्षले तारेख गुजारी मुल्तवीमा उजुरी संख्या = ५
कार्यान्वयनमा रहेको उजुरी संख्या = २
अदालत सिफारिस भएको संख्या = १

**निर्णय नं. ११ प्रस्ताव नं ११ माथि छलफल गर्दा,** तपसिल बमोजिमको कार्यविधिलाई पारित गर्ने निर्णय गरियो ।

तपसिल
१. बजेट तथा कार्यक्रम तर्जुमा समिति कार्यविधि, २०७८
२. अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७८ ।